सम्पर्क नं. : ०२५५४००२

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
प्रदेश नम्बर १, नेपाल

प. स. :-२०७६/०७७
च. नं.

मिति : २०७७०२१३

## सूचना । सूचना ॥ सूचना ॥।

**विषय :** पुरानो घर नक्सा अभिलेखीकरण गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा मिति २०७७०१।२८ गते वसेको नगर कार्यपालिकाको बैठक बाट दुहबी नगरपालिका गठन हुनु भन्दा पहिले निर्माण सम्पन्न भएका घरहरुको अभिलेखिकरण गर्नु पर्ने भएकोले त्यस्ता अभिलेखिकरण हुन बाकी घरहरुका घरधनीहरुले २०७७ साल अषाढ मसान्त भित्र सम्बन्धित वडा कार्यालयमा घर रहेको जग्गाको जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, मालपोत तिरेको रसिदको प्रतिलिपी र घरको अगाडी मोहडा देखिने फ़ोटो संलग्न गरी निवेदन दिनु पर्नेछ । यसरी निवेदन दिएका घर धनीहरुको घरको अभिलेखिकरण २०७७ साल पौष मसान्त सम्ममा सम्पन्न गरिनेछ । मिति २०७७ अषाढ मसान्त भित्र कसैले निवेदन नदिएमा वा नक्सा पास नगराई भवन निर्माण गरेमा त्यस्तो घरको नक्सा पास नगरिने र त्यस्ता घरधनीलाई नगरपालिकाबाट प्रदान गरिने सम्पुर्ण सेवा सुविधा रोका गरिने भन्ने निर्णय भएको हुँदा सम्बन्धित वडा कार्यालयमा गई निम्न अनुसारको कागजात तथा निवेदन पेश गर्नु हुन, सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

**पेश गरीने कागजातहरु :**

१. नेपाली नागरिकताको प्रतिलिपी -१ थान
२. घर भएको जग्गाको जग्गा धनि प्रमाणपत्र - १ थान
३. मालपोत तिरेको रसिद - १ थान
४. घर अगाडीको मोहडा देखिने फोटा - १ थान
५. अभिलेखिकरणको लागि निवेदन - १ थान

विनोद कुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत